अधिकार सम्पन्न, समृद्ध र सुन्दर सुदूरपश्चिमको आवाज

# अनुमोदन

राष्ट्रिय दैनिक

अनुमोदन राष्ट्रिय दैनिक

anumodankhabar.com

स्वास्थ्य र सौन्दर्यका लागि
शरिरको अनावश्यक तौल घटाउने स्लीम प्लस । Hot shapper belt दुब्लो पातलो शरिरको तौल बढाउने । अनुहारको चाँयापोतो, डन्डीफोर हटाउने क्रिम पाईन्छ ।
सम्पर्क
स्वास्थ्य सरोकार केन्द्र
धनगढीः- ०९१-५२७४०६, ९८०१५००९९९
टीकापुर :- ०९१-५६१२९९, ९८५८४२१७७४

वर्ष : २२ | अंक २८० | पृष्ठ ४ | साउन १३ मंगलबार २०७७ | 28 Jul. Tue. 2020 , | नेपाल संवत ११४० | मूल्य रु. ५।-

हुलाकी सडक

# पहिलो चरणको दुई किलोमिटर सडक निर्माण प्रक्रिया अघि बढेन

•शेरबहादुर ऐर/धनगढी

कैलालीको हुलाकी सडक आयोजना अर्न्तगतको पहिलो चरणको दुई किलोमिटर सडक निर्माण प्रक्रिया अझै अघि बढ्न सकेको छैन ।

वन विभागले अघिल्लो वर्ष साउन १३ मा दोस्रो पटक पेश गरिएको पूरक वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृत गरे पनि थप प्रक्रिया डिभिजन वन कार्यालय धनगढीले अघि नबढाउँदा काम अघि बढ्न नसकेको जनाइएको छ ।

'विभागले अघिल्लो वर्षको साउन १९ गते हुलाकी सडक योजना कार्यालयलाई पत्राचार गर्दै दोस्रो पटक बुझाईएको प्रतिवेदन स्वीकृत गरिएको जनाएको थियो, तर त्यसपछिका आवश्यक प्रक्रिया थाल्न भने डिभिजन वन कार्यालय धनगढीले ढिलाई गरेको छ' हुलाकी सडक आयोजना कार्यालयका सूचना अधिकारी पदम मडैले भने- रुखहरुमा 'नम्बरिङ' गरिसकिएको छ, र हामी कटान आदेश पर्खिरहेका छौं ।'

उनले वन कार्यालयले आवश्यक प्रक्रिया अघि नबढाएको गुनासो गरे । उनका अनुसार गत वर्ष फागुन १० गते नम्बरिङ गर्न आदेश आएपछि ११ गतेदेखि सर्भे गरिएको थियो ।

वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन अनुसार बसन्ता करिडोर क्षेत्रको दुई किलोमिटमा सडक विगतमा ३० मिटर चौडा सडक निर्माण गर्न भनिएकोमा परिमार्जन गर्दै १२ मिटर तय गरिएको थियो । सो प्रतिवेदन अनुसार सडक क्षेत्रको १८ मिटर चौडाई घटाएपछि विगतमा चार सय एक रुख काट्नुपर्नेमा अहिले एक सय २१ वटा रुख मात्रै काट्नु देखिएको छ । 'रुख कटान आदेशका लागि संघिय



वर्षापछि अवरुद्ध हुलाकी सडक आयोजना अर्न्तगतको बसन्ताको दुई किलोमिटर सडक । *तस्बिरः शेरबहादुर ऐर/अनुमोदन*

वन मन्त्रालयले आदेश दिनुपर्ने भए पनि आवश्यक प्रक्रिया सुरु गरिएको छैन' उनले भने ।

सो क्षेत्रमा वन्यजन्तु ओहोरदोहोरका लागि 'ओभर ब्रीज' र 'अन्डर ब्रीज' बनाइए मात्रै राजमार्ग निर्माणको कार्यलाई अगाडि बढाउन दिने डिभिजन वन कार्यालय कैलालीले अडान लिएको थियो ।

हुलाकी सडक आयोजनाका एक कर्मचारीले अनुमोदनसंग भने- वैज्ञानिक वनका नाममा धमाधम डिभिजन वन कार्यालयले रुख कटान आदेश दिइरहेको छ । तर, राष्ट्रिय गौरवको आयोजनाको निर्माणमा वननै बाधक बनेको छ ।

डिभिजन वन कार्यालय धनगढीका प्रमुख रामचन्द्र कँडेलले 'नम्बरिङ लगायतका सम्पूर्ण काम भइसकेको र विभागमा टीप्पणी आदेश पठाउने प्रक्रियामा रहेको' बताए । उनले विभागमार्फत मन्त्रालयमा सो टीप्पणी आदेश जाने बताए । उनले भने- लकडाउनका कारण टिप्पणी आदेश पठाउन सकिएको थिएन ।

विगतमा वन कार्यालयले बसन्ता जैविक मार्ग वन्यजन्तुका लागि संवेदनशील क्षेत्र भएकाले वन्यजन्तुमैत्री संरचना निर्माण गर्ने अडान कायम राख्दा काम ठप्प रहेको थियो । बसन्ता जैविक मार्ग भारतको दुधवा नेसनल पार्कसँग जोडिएको छ । दुधवा नेसनल पार्क हुँदै नेपालको बसन्ता वन, चुरेसम्म वर्षको दुई मौसममा हात्ती, बाघ तथा अन्य प्रजातिका वन्यजन्तु ओहोरदोहोर गर्दै आएको छन् ।

हुलाकी सडक आयोजना कार्यालयका सूचना अधिकारी मडैका अनुसार वन्यजन्तुमैत्री संरचनाका लागि डिपिआर गरेर प्रतिवेदन पठाइसकिएको छ । सो प्रतिवेदनमा बन्यजन्तुमैत्री संरचना बन्ने स्थान पनि तोकिएको छ । तर, सो प्रतिवेदन पनि अहिलेसम्म भएको छैन ।

हुलाकी सडक निर्माण सुरु भएको १० वर्ष हुँदा पनि बसन्ता करिडोरमा देखिएको अन्यौलकै कारण काम अगाडी बढ्न सकेको थिएन । अहिले सो अन्यौल्य हटिसकेकाले अन्य प्रक्रिया थाल्दै निर्माणलाई तिव्रता दिनुपर्ने सुझाव दिइएको छ ।

कोभिड १९ संक्रमितको जिल्लागत अवस्थाः

| अछाम | बैतडी | बझाङ | बाजुरा | डडेल्धुरा | दार्चुला | डोटी | कैलाली | कन्चनपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| ६६७ | ३०७ | १७१ | ४४९ | २९५ | २१ | ६०५ | १०७५ | ५१३ | ४,१०३ |

सुदूरपश्चिम प्रदेशमा कोरोना

# थप २१ जनामा कोरोना पुष्टि

अनुमोदन समाचार/धनगढी

सुदूरपश्चिम प्रदेशमा सोमबार थप २१ जनामा कोरोना पुष्टि भएको छ । सेती प्रादेशिक अस्पतालमा भएको परीक्षणमा १७ र डडेल्धुरा अस्पतालको प्रयोगशालामा चार गरी २१ जनामा संक्रमण पुष्टि भएको हो ।

धनगढीको सेती प्रादेशिक अस्पतालको प्रयोगशालामा पछिल्लो २४ घण्टामा एक सय ९७ जनाको कोरोना परीक्षण भएकोमा थप १७ जनामा संक्रमण पुष्टि भएको अस्पतालका सूचना अधिकारी दिलिप कुमार श्रेष्ठले बताए ।

उनका अनुसार १४ जना पुरुष र तीन जना महिलामा संक्रमण पुष्टि भएको हो । अछामको मेल्लेख गाउँपालिकाका तीन जना महिला र १३ जना पुरुष गरी १६ जनामा कोरोना पुष्टि भएको सूचना अधिकारी श्रेष्ठले बताए ।

जिल्लामा दुई बर्षीया बालिकामा समेत कोरोना देखिएको छ । यस्तै दार्चुलाका ५ बर्षीय बालकमा समेत कोरोना पुष्टि भएको उनले बताए ।

यस्तै डडेल्धुरा प्रयोशालामा भएको परीक्षणमा सोमवार बैतडीका चार जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्त डाक्टर जागेश्वर गौतमले बताए ।

# एकै दिन ४५२ जना कोरोना संक्रमण मुक्त

अनुमोदन समाचार/धनगढी

सुदूपश्चिम प्रदेशका कोरोना भाइरस (कोभिड-१९) संक्रातिहरू मध्ये साढे चार सय जना एकै दिन संक्रमण मुक्त भएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार सुदूरपश्चिममा सोमबार चार सय ५२ जना कोरोना संक्रमण मुक्त भएका छन् । नियमित प्रेस ब्रिफिङमा मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमले सुदूरपश्चिममा कोरोना संक्रमण मुक्त हुनेको संख्या दुई हजार सात सय ५४ पुगेको जनाए ।

सुदूरपश्चिममा सोमबार २१ जना कोरोना संक्रमित थपिएका छन् । मन्त्रालयका प्रवक्ता डा. गौतमले डडेल्धुरा जिल्ला अस्पतालमा गरिएको परीक्षणमा बैतडीका चार जनामा कोरोना संक्रमण पुष्टी भएको जनाए ।

यसैगरी, सेती प्रादेशिक अस्पतालले पछिल्ला २४ घण्टामा गरिएको परीक्षणमा १७ जनामा कोरोना संक्रमण पुष्टी भएको जनाएको छ । अस्पतालका प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट हेमराज पाण्डेले जारी गरेको विज्ञप्तिमा अछामको मेल्लेख-८ का १६ जना र दार्चुलाको गोकुलेश्वर-६ का एक जनामा कोरोना संक्रमण भेटिएको उल्लेख छ ।

मेल्लेख-८ का २, २० र २२ वर्षीया महिला र ३४, २५, ३८, २८, ४२, ३०, २१, २५, ६८, २२, ३२, २५ र २० वर्षीय पुरुष तथा गोकुलेश्वर-६ का ५ वर्षीय बालकमा कोरोना संक्रमण देखिएको हो । योसंगै सुदूरपश्चिममा कुल संक्रमितको संख्या चार हजार एक सय चार पुगेको छ भने एक हजार तीन सय ५० जना कोरोना संक्रमितले उपचार गराइरहेका छन् ।

मन्त्रालयका प्रवक्ता डा. गौतमले सुदूरपश्चिमको क्वारेन्टाइनमा अझै चार हजार चार सय ८४ जना रहेको जनाए । उनले नेपालमा सोमबार एक सय ३९ जना कोरोना संक्रमित थापिएको जनाए । उनका अनुसार नेपालमा चार हजार नौ सय ५० जना कोरोना संक्रमित आइसोलेसनमा छन् । थप तीन जनाको कोरोनाबाट मृत्यु भएको छ । उनका अनुसार पााच सय भन्दा बढि संक्रमित रहेको देशका दुई जिल्लामा कैलाली पनि परेको छ ।

दुई कोठा भाडामा

धनगढी उपमहानगरपालिका वडा नं. ८ सेतोपुल नजिकै (क्याम्पस रोड) जाने बाटोमा पक्की घर भएको २ कोठा पक्की भएको र भाडामा लिन चाहने महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला । साथै सबै सुविधा भएको र घर भाडा प्रति कोठा रु. १५००/- मात्र ।

सम्पर्क नम्बर

९८०४६०९३२२

कारबाही गरिएका नेता ओझा समुहको भेला

# निर्णय नसच्याइए आन्दोलनको चेतावनी

अनुमोदन समाचार/धनगढी

पाँच वर्षका लागि पार्टीबाट निष्काशन गरिएका नेपाली कांग्रेसका नेता पुष्करनाथ ओझा समर्थक समुहले उनीमाथिको कारबाही निर्णय नसच्याइए कडा आन्दोलन गर्ने चेतावनी दिएको छ ।

महासमिति सदस्य तथा पूर्व राज्यमन्त्री ओझालाई काँग्रेसको अनुशासन समितिले पाँच वर्षका लागि पार्टीबाट निष्कासन गरेको आइतबार सार्वजनिक भएको थियो । उनीमाथि गत संसदीय निर्वाचनमा कैलाली क्षेत्र नम्बर ५ बाट काँग्रेसका उम्मेदवार डाक्टर आरजु राणा देउवालाई हराउन भूमिका निर्वाह गरेको आरोप लगाइएको थियो ।

नेता ओझालाई पार्टीबाट पांच वर्षका लागि कारबाही गर्ने निर्णयप्रति तीव्र असहमति व्यक्त गर्दै उनीपक्षीय कैलालीका नेताकार्यकर्ताहरुको सोमबार भेला भएको थियो ।



कैलाली काँग्रेसका सचिव पूर्ण कुँवरले "विकसित पछिल्लो आन्तरिक घटनाक्रमको समीक्षा र आगामी अधिवेशनको बारेमा छलफल गर्नका लागि भेला बोलाइएको" बताए ।

जिल्ला सचिव कुँवरका अनुसार भेलाले नेता ओझामाथि राजनीतिक प्रतिशोधका आधारमा कारबाही गरिएको

# ट्रकको ठक्करबाट युवतिको मृत्यु

अनुमोदन समाचार/सुखड

कैलालीको सडकपुर बौनियामा सोमबार बिहान ट्रकको ठक्करबाट एक युवतिको मृत्यु भएको छ ।

बिहान ७ बजेतिर ना ६ ख ३३४० नम्बरको ट्रकको ठक्करबाट २६ वर्षीया सन्तोषी बोहराको मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनापछि मृतकका आफन्त तथा स्थानीयले दिनभरी नै बौनियादेखि गुलरासम्म सडक जाम गरेका थिए । राजमार्ग अवरोध भएका कारण सवारी आवागमन प्रभावित भएको थियो । आफन्त तथा स्थानीयले साँझसम्म मृतक युवतिको शव उठाउन दिएनन् ।

दोषिमाथि कारबाही तथा मृतकका परिवारलाई उचित क्षतिपूर्तिको माग सहित सडक जाम तथा प्रदर्शनमा उत्रिएका आफन्त तथा स्थानीय र प्रहरीबीच पटकपटक झडप भएको थियो । सडकपुरबौनिया क्षेत्रमा दिनभरी तनाव भएको थियो ।

प्रहरीले शव उठाएर यातायत संचालन गर्न बल प्रयोग गर्न थालेपछि स्थानीय झन आक्रोसित भएका थिए । प्रत्यक्षदर्शीका अनुसार प्रहरीले स्थिति सामान्य बनाउन करिब ४० राउण्ड अश्रुग्यास प्रहार गरेको थियो ।

# दृष्टि फाउण्डेशनलाई स्कुटी सहयोग




**अनुमोदन समाचार/धनगढी**

लायन्स क्लव अफ धनगढी समृद्धिले दृष्टि फाउण्डेशन धनगढीलाई सोमबार एक स्कुटी हस्तान्तरण गरेको छ । धनगढीमा आयोजित कार्यक्रममा लायन्स क्लब अफ नेपाल ३२५ बी २ का द्वितीय भाइस डिष्ट्रिक्ट गभर्नर सिबी चन्दले दृष्टि फाउण्डेशसनकी संचालिका कल्पना भट्टलाई स्कुटीको चाबी हस्तान्तरण गरे ।

गत चैत महिनामा फाउण्डेशनमा राखिरहेको स्कुटी अज्ञात समुहले राति जलाएको थियो । भट्टले उक्त स्कुटीमा अनाथ र बालबालिकाहरुलाई फाउण्डेशनमा ल्याउने, बिरामी भएमा अस्पताल लैजाने गरेकी थिइन् ।

'राम्रो काम गर्दा सहयोग पाइने रहेछ भन्ने प्रमाणित भएको छ' चाबी बुझेपछि भट्टले भनिन् 'स्कुटी हराएपछि धेरै अप्ठ्यारो भएको थियो ।'

स्कुटरलाई स्कुटरको रुपमा नभएर बिरामीहरु अस्पताल पुरयाउन एम्बुलेन्सको रुपमा प्रयोग गरेको उल्लेख गर्दै भट्टले भनिन् 'स्कुटी पाएपछि मानवीय सेवामा लाग्न थप बल मिलेको छ ।'

साउन पहिलो साता आफनो जन्मोत्सवको दिन सहयोग गर्न दृष्टि फाउण्डेशन पुग्दा स्कुटी चोरी भएर परेको अप्ठ्यारो थाहा पाएपछि सहयोग जुटाएर स्कुटी खरिद गरि हस्तान्तरण गरिएको लायन्स क्लब अप धनगढी समृद्धिकी अध्यक्ष गोमा अधिकारीले बताइन् । 'स्कुटी नभएर साह्रै अप्ठ्यारो भैरहेको थाहा पाएँ' अध्यक्ष अधिकारीले भनिन् 'त्यसपछि क्लबमा सल्लाह गरेर स्कुटी सहयोग गर्ने निर्णय गरिएको हो ।' अध्यक्ष अधिकारीका अनुसार क्लबको सदस्य र अन्य गरि ३३ जनाबाट संकलित सहयोग रकम एक लाख ९३ हजारमा स्कुटी खरिद गरिएको हो ।

# नगरपालिकाको वार्षिक समिक्षा

**अनुमोदन समाचार/सुखड**

कैलालीको घोडाघोडी नगरपालिकाले बार्षिक समिक्षा, प्रगती बिवरण तथा सार्वजनिक सुनुवाई कार्यक्रम गरेको छ ।

सोमबार नगरपालिकाले आर्थिक वर्ष २०७६/०७७ का बिभिन्न अयोजना र कार्यक्रम संचालन तथा कार्यालय संचालन र कर्मचारी परिचालनका क्षेत्रमा भएको खर्च तथा प्रगती बिवरण सार्वजनिक गरेको हो ।

कार्यक्रम नगर प्रमुख ममताप्रसाद चौधरीको अध्यक्षतामा भएको थियो । कार्यक्रममा प्रतिनिधि सभा सदस्य गौरीशंकर चौधरी, प्रदेश सभा सदस्य अमरबहादुर साउँद, जनप्रतिनिधि तथा अन्य सरोकारवालाहरुको उपस्थिति रहेको थियो ।

# पहिरोमा पुरिएका वालकको शव फेला पर्‍यो

**अनुमोदन समाचार/दार्चुला**

दार्चुलाको महाकाली नगरपालिका वडा नम्बर २ बडालीगाउँ नजिक शुक्रबार गएको सुक्खा पहिरामा पुरिएका बालकको शव भेटिएको छ ।

जिल्लाको नौगाड गाउँपालिका वडा नम्बर २ तल्लो सुण्डमुण्डका ६ वर्षीय जेनिस ठगुन्नाको शव *(बाँकी ३ पेजमा)*

# महामारीले जाँच्दै छ शासकहरूको योग्यता

**अच्युत वाग्ले**

कोभिड–१९ को विश्वव्यापी महामारीले आम मानिसको भय, तनाव र अनिश्चितताबीच बाँच्ने सहनशीलताको त परीक्षा लियो नै, संसारभरिका शासकहरूको क्षमता अथवा 'गुणस्तर' पनि परीक्षण गर्‍यो, र गरिरहेको छ । विकसित, शक्तिशाली, स्वास्थ्य पूर्वाधार एवम् जनशक्ति पर्याप्त भएका धेरैवटा धनी मुलुकमा समेत कोरोना भाइरस संक्रमण नियन्त्रणबाहिर पुगेको हो कि जस्तै गरी भयावह दरमा बढिरहेको छ ।

अमेरिका, ब्राजिल, रुस, भारत आदि यस्ता उदाहरण हुन्, जसमा एकै प्रकृतिका अहंकारी राष्ट्रवादीहरू सत्तामा छन् । यसविपरीत जर्मनी, दक्षिण कोरिया, जापान, भियतनाम, न्युजिल्यान्ड आदि मुलुकहरू महामारीबाट आफना नागरिकलाई धेरै हदसम्म सुरक्षित राख्न सफल भए । बेलायतको नेतृत्वले शासकीय शैली परिवर्तन गर्‍यो । साना एवम् विकासशील कोटिका मुलुकहरूमा पनि संक्रमण नियन्त्रण र सफलताको सम्बन्ध नेतृत्वको गुणस्तरसँग सहसम्बन्धित (कोरिलेटेड) देखिएको छ ।

क्याम्ब्रिज विश्वविद्यालयका राजनीतिक सिद्धान्तका प्राध्यापक लरेन्स ह्यामिल्टनले (द कन्भर्सेसन डट कममा) गत महिना लेखेका छन्, 'नेतृत्वमा कस्तो प्रकृतिको मानिस बसेको छ र उसका प्राथमिकताहरू कहाँ छन्, जनताको हितमा कि सानो समूहको स्वार्थमा भन्ने कुराले सर्वाधिक महत्व राखेको देखियो । ती लोकतन्त्रहरू जहाँजहाँ नेतृत्वले आफूलाई आफूद्वारा शासितहरूसँग समानुभूति ( एम्पथी) का साथ संलग्न गराए र साथसाथै उत्तम विज्ञानसम्मत सूचनाहरूका आधारमा शासकीय निर्णयहरू पनि गरे, उनीहरू संकटलाई सबभन्दा राम्ररी सम्हाल्न सफल भए । नेतृत्वका अफारदर्शी (सित्रेटिभ), आत्ममुग्ध ( नार्सिसिस्टिक), विभ्रमी (प्यारानोइड) र उन्मादी (इम्पल्सिभ) निर्णयहरूले आफूले हेरचाह गर्नुपर्ने कर्तव्य रहेका नागरिकहरूको जीवन र जीविकोपार्जन दुवैलाई जोखिममा पारेका छन् ।'

नेपालका सन्दर्भमा, यो निष्कर्ष बेमेलजस्तो देखिन सक्छ । बेसार–पानी खाएर वा हाच्छ्युँ गरेर कोरोना भगाउने सल्लाह दिने प्रधानमन्त्री ह्यामिल्टनको वर्गीकरणमा धीर (फोर्टिच्युड) शून्य एवम् मूढमति (फल्ली) नेतृत्वमा सहजै पर्छन् । तर उनकै कार्यकारी नेतृत्वमा चलेको मुलुकमा महामारीबाट अहिलेसम्म सापेक्षतः कम मानवीय क्षति भएको देखिएको छ । सतही दृष्टिले, यो आफैंमा सानो विरोधाभास होइन । अहिले, सरकारमा बस्नेहरू यो 'सफलता' को कारण आफूले समयमै लिइएका बुद्धिमत्तापूर्ण निर्णय र शासकीय प्रभावकारिता रहेको दाबी निरन्तर गरिरहेका छन् । यो सरकारी दाबी कालान्तरमा पनि सत्यापित भइरह्यो भने नेपाल र नेपालीका लागि चरम सौभाग्य हुनेछ ।

तर भाइरस संक्रमणका प्रवृत्तिहरू र मृत्युका पछिल्ला आँकडाले मुलुक ठूलो ज्वालामुखीको मुखैमा बसेको देखिएको छ । भाइरस समुदायमा फैलिइसकेका पर्याप्त उदाहरण देखिएका छन् । लक्षणसहितका बिरामीहरू धेरै देखिन थालेका र आफैं अस्पताल आउन थालेका छन् । मृत्युदर बढेको छ । परीक्षण घटेको छ । सरकारले 'कन्ट्याक्ट ट्रेसिङ' को रणनीतिलाई लगभग पूर्णविराम लगाइदिएको छ । लकडाउन अव्यवस्थित र तदर्थवादी ढंगले खुलाइएको छ । स्वास्थ्य सतर्कता, सुरक्षा व्यवस्था, आम जनतामा सचेतना अभिवृद्धि र स्वास्थ्य सुविधा विस्तारजस्ता संक्रमण नियन्त्रणका अहम् पक्षमा कतै पनि सरकारको सार्थक उपस्थिति देखिएको छैन । थोरै पीसीआर परीक्षण गरेर सरकार थोरै मात्रामा संक्रमण भएको देखाउन जति उद्यत छ, त्यो नियत नै खोटपूर्ण छ । समस्याको मूल जड पनि त्यही बन्दै छ । शंकास्पद अवस्थामा मृत्यु भइसकेपछि संक्रमण पुष्टि हुने नियति पनि यही नियतको परिणाम हो । सरकारमा बस्नेहरूलाई यसबारे लज्जाबोध छैन । यी परिदृश्यहरूले, सरकारको शासकीय गुणस्तरको वास्तविक परीक्षण र सफलता दाबीको अम्ल परीक्षण दुवै एकैपटक हुने संघारमा नेपाल अब आइपुगेको देखाउँछन् ।

***अव्यवस्थाको शृंखला***

नेपालमा कोरोना भाइरस संक्रमणलाई समयमै नियन्त्रण, रोकथाम र व्यवस्थापन गर्न सकिने पर्याप्त सम्भावना र समय थियो । सीमित संख्यामा मात्र अन्तर्राष्ट्रिय हवाई यात्रुहरूको आवागमन हुने र चीनको वुहानमा यो भाइरस फैलनेबित्तिकै नेपालमा पनि आम सजगताको चासो बढेको थियो । गत माघ ९ मा पहिलो संक्रमण देखिएयताका सरकारलाई उपलब्ध आधा वर्षको समय नियन्त्रण, रोकथाम र उपचार व्यवस्थाका लागि छोटो समय पक्कै थिएन । तर, यसलाई सदुपयोग गर्ने असल नियत पनि सरकारले देखाएन । सत्तासीन सानो स्वार्थ समूहको हितरक्षालाई मात्र केन्द्रमा राखेर स्वास्थ्य सामग्रीको तजबिजी खरिद गर्नेदेखि लकडाउन गर्ने र खोल्ने प्रकरणसम्म सरकार निरन्तर गैरजिम्मेवार ढंगले प्रस्तुत भइरहेको छ ।

खास गरी भारतबाट फर्किएका नेपालीहरूका लागि क्वारेन्टिन व्यवस्थित गर्न र प्रवेशविन्दुमै पीसीआर परीक्षणको व्यवस्था हुन नसकेका कारण संक्रमण मुलुकभर फैलिएको कथा अब पुरानो भएको छ । तर, त्यही कारण भाइरस समुदायमा फैलिएको छ । सरकारले यो दुःखद अनुभवबाट पनि चेतेन । एकातर्फ, संक्रमण समुदायमा कति भित्रसम्म फैलिएको छ भन्ने यकिन गर्न पर्याप्त परीक्षण गर्ने मनसाय नै सरकारले देखाएन । अर्कातर्फ, भारतबाट अहिले निरन्तर नेपाल भित्रिरहेकाहरूलाई न क्वारेन्टिनमा राख्ने गरिएको छ, न त भाइरस परीक्षण नै । यसको सट्टा सरकारले नाका नखोल्ने औपचारिक घोषणा काठमाडौं बसेर गरिदिएको छ । धरातलमा के भइरहेको छ, उसको चासोको विषय रहेको छैन ।

कम्तीमा सबै जिल्ला अस्पतालमा पीसीआर परीक्षणको सुविधा पुर्‍याउने, परीक्षणलाई सहज बनाउने, अस्पतालहरूमा सबभन्दा खराब अवस्थालाई पनि धान्ने गरी भेन्टिलेटरसहितका आईसीयु शय्याहरू थप्ने र मुलुकभर फैलिएका निजी स्वास्थ्य सेवप्रदायकहरूको सेवालाई मूलप्रवाहीकरण गर्ने कोसिस भएन । स्थानीय र प्रादेशिक सरकारहरूलाई थप भूमिका र जिम्मेवारी दिएर क्रियाशील बनाउने चार महिना लामो लकडाउन यसैका लागि समर्पित गरिनुपर्थ्यो । त्यसो भएन । अहिले दैनिक यति थोरै संख्यामा परीक्षण हुनुको मूल कारण पर्याप्त परीक्षण किट र नमुना संकलन गर्ने डब्बाजस्ता आधारभूत सामग्रीहरूकै कमी हो । प्रधानमन्त्री आफैंले सार्वजनिक रूपमा गरेको जनसंख्याको २ प्रतिशत अथवा कम्तीमा ६ लाख मानिसको पीसीआर परीक्षण गर्ने प्रतिबद्धतालाई बल्ल ३ लाख पुगेको परीक्षण संख्याले खिल्ली उडाएको छ । यो परीक्षणको संख्या हो, जसको अर्थ त्यति नै जनाको परीक्षण भएको भन्ने होइन । एकै जनामा पटकपटक गरिएको संख्यासमेत यसमा समावेश छ ।

सरकारले लकडाउन खुलाएको छ । मानिसहरूको जमघट र भीडभाड बढेको छ । सार्वजनिक यातायात खुलेको छ । छोटो दूरीका लागि खुलाइएको भनिए पनि मुलुकभरिबाट उपत्यका भित्रिने नाकाको एक सय मिटर परसम्म यात्रु ल्याएर ओराल्ने अभ्यासलाई सरकारी निकायहरूले देखेको नदेख्यै गरिरहेका छन् । यसमा सामाजिक दूरी कायम गर्ने, मास्क लगाउने र साबुनपानी एवम् स्यानिटाइजर प्रयोग सुनिश्चित गर्ने–गराउने विषयमा राज्यका अंगहरू पूर्णतः उदासीन छन् ।

लकडाउनले लथालिंग भएको अर्थतन्त्रलाई प्रत्यक्ष नगदै राहत दिने कार्यक्रम र मनसाय सरकारले देखाएन । जबकि यस्तो नगदै राहतको व्यवस्था नगरी मुलुकका खास गरी अधिकांश साना–मझौला उद्योग–व्यवसाय पुनः सञ्चालनमा आइहाल्ने, उत्पादन र रोजगारी सुचारु हुने कुनै सम्भावना छैन । अन्तर्राष्ट्रिय विकास साझेदारहरूले यस्ता कम्पनीहरूलाई बन्द हुन र टाट पल्टिनबाट जोगाउन तरल नगद नै सहयोग गर्न दिएको सुझाव (विश्व बैंक 'नेपाल डेभेलपमेन्ट अपडेट', जुलाई २०२०) आदिलाई पनि सरकारले वास्ता गरेन । यसरी आफनो जिम्मेवारी पूरा नगर्नुको अपजसबाट उम्कन, अर्थतन्त्रलाई चलायमान बनाउने नाममा सरकारले श्रमिक, कार्यस्थल र स्वास्थ्य सुरक्षाको प्रबन्धै नगरी लकडाउन खुलायो । यसले जोखिमलाई ह्वात्तै बढाएको छ । सरकार खुलेको लकडाउनलाई थप सुरक्षित र व्यवस्थित बनाउने बहसमा छिर्नै चाहेको छैनह 'सरोकारवालाहरूले खुलाउन भनेर खुलाइदिएको' भन्ने आशयका अभिव्यक्ति दिएर उम्कन खोजिरहेको छ । अर्थतन्त्रमाथि भएका आयामबारे छुट्टै बृहत् अनुसन्धान आवश्यक छ । सरकारले विज्ञान र तथ्यसंगत निर्णयहरू नगरेको र यस्तो महामारीका बेला सत्तारूढ नेपाल कम्युनिस्ट पार्टीभित्रको शक्तिसंघर्षलाई केन्द्रविन्दुमा राखेर अकर्मण्य बनेको पक्ष अलग्गै छ । सरकारको गुणवत्ता परख गर्ने यी थप पक्ष हुन् ।

***स्थानीय शासन***

संकट नियन्त्रणमा राजनीतिक प्रणालीले महत्त्व राख्छ । यो महामारी नियन्त्रणमा संघीय वा एकात्मक कुन सरकार बढी प्रभावकारी भयो भन्ने सहज निष्कर्ष निकाल्न सहज छैन । अमेरिका र जर्मनी दुवै संघीय प्रणाली भएका मुलुक हुन् । त्यहाँ महामारी नियन्त्रणको परिदृश्य अत्यन्त फरक छ । तर बेलायती र क्यानडाली नौ अनुसन्धाताले गरेको अध्ययन (द कोभिड–१९ पान्डेमिक : टेरिटोरियल, पोलिटिकल एन्ड गभर्नेन्स डाइमेन्सन्स अफ द क्राइसिस, जुन २०२०) ले प्रस्टसाग भनेको छ– आर्थिक स्रोतको व्यवस्थापन केन्द्र सरकारले र सेवा प्रवाह एवम् स्थानीय पूर्वाधार व्यवस्थापनको निर्णय प्रादेशिक/स्थानीय (सबन्यासनल) सरकारहरूले गर्दा महामारी नियन्त्रण थप प्रभावकारी देखियो । यसबाट केन्द्रीय सरकारको जस्तै प्रादेशिक/स्थानीय सरकारहरूको प्रभावकारिता र गुणस्तर मूल्यांकनको अवसर पनि उपलब्ध हुने थियो ।

तर नेपालको हकमा, विशेषतः संघीयताको कोणबाट यस्तो मूल्यांकनको सम्भावनालाई *(बाँकी ३ पेजमा)*

# सरकार हराएको सूचना

**कुबेर चालिसे**

एकादेशमा होइन । सन् १९९२ अर्थात् वि.सं. २०४९ सालमा जब बिल क्लिन्टन तत्कालीन राष्ट्रपति बुसका विरुद्ध अमेरिकामा चुनाव लडदै थिए, उनका चुनाव रणनीतिकार जेम्स कारभिलले अमेरिकी मतदातालाई आकर्षण गर्न एउटा नारा बनाए, 'इट्स इकोनोमी स्टुपिड' । वास्तवमा जेम्स कारभिलले आर्कान्सस राज्यका तत्कालीन गभर्नर क्लिन्टनलाई चुनाव जिताउन तीनवटा नारा बनाएका थिए । २८ वर्षपछि आज अन्य दुईवटा नारा कसैलाई पनि याद छैन, तर एउटै नारा 'इट्स इकोनोमी स्टुपिड' ले क्लिन्टनलाई राष्ट्रपतिमात्र बनाएन, करिब तीन दशकदेखि अमेरिकामात्र होइन, संसारभरका व्यावसायिक एवं गैरव्यावसायिक ब्यक्ति तथा संस्था एवं सरकारको मूलमन्त्र नै बन्यो ।

संसारभर कुनै पनि सरकारको सफलताको मापन उक्त सरकारले अर्थतन्त्र बनायो वा डुबायो भन्ने मापदण्डका आधारमा गरिन्छ । अमेरिकामा बिल क्लिन्टनले राष्ट्रपतिको चुनाव जित्नुमा उनको आर्थिक दृष्टिकोण नै प्रमुख थियो । आज पनि विश्वका विकसित एवं सम्पन्न मुलुकमा आर्थिक मुद्दाका आधारमा नै चुनाव लडिन्छ । नेपालजस्ता गरिब देशमा मात्रै वृद्धभत्ता, युवाभत्ता, बालभत्ताजस्ता वितरणमुखी नाराका आधारमा चुनाव लड्ने गरिन्छ । त्यसैले नेपालको अर्थतन्त्रको समस्याको चुरो चुनावबाटै छ । आय बढाउने, उद्योग गर्न सहज बनाउने, रोजगारी सिर्जना गर्ने होइनस भत्ता बाँड्ने प्रतिस्पर्धाबाट चुनाव जितेपछि अर्थतन्त्रमा सुधार आउँछ भन्नु भोगटे रोपेर सुन्तला फल्छ भन्नुजस्तै हो ।

एकादेशमा होइन । सन् १९९० अर्थात वि.सं. २०४६ सालको राजनीतिक परिवर्तनदेखि वि.सं. २०५२ सालमा तत्कालीन माओवादी जंगल पस्नुअघिसम्म अर्थात् अमेरिकामा 'इट्स इकोनोमी स्टुपिड' को नारा घन्किँदै गर्दा नेपालले तत्कालीन परिवेशमा आर्थिक सुधारमा ध्यान दिएका कारण आजसम्म आर्थिक तथा सामाजिक परिसूचकमा निरन्तर सुधार गरिरहेको छ । नेपाली कांग्रेसको तत्कालीन सरकारले लिएको आर्थिक उदारीकरणका कारण नै नेपालले आर्थिक तथा सामाजिक परिसूचकमा निरन्तर फड्को मारेको कुरामा कुनै शंका छैन । बहस जति पनि गर्न सकिन्छ, तर अन्तिम सत्य के हो भने वि.सं. २०४६ पछिको आर्थिक नीतिले नै आजसम्म नेपालको अर्थतन्त्र धानेको हो । हो, तत्कालीन समयमा केही गल्ती नभएका होइनन् । निजीकरणको प्रक्रियामा पक्कै केही गल्ती भएका थिए र ती गल्ती सुधार गर्न पनि सकिन्थ्यो । र, दोस्रो चरणको आर्थिक उदारीकरणमार्फत नेपालमा आर्थिक क्रान्ति गर्न सकिन्थ्यो । किनकि आर्थिक उदारीकरण भनेको निजीकरण मात्रै होइन । निजीकरण त आर्थिक उदारीकरणको एउटा अंशमात्र हो ।

वि.सं. २०५२ देखि २०६२ सम्मको एक दशक नेपाल आन्तरिक द्वन्द्वमा फस्यो र राजनीतिक अस्थिरता, असुरक्षा, नीतिगत अनिश्चितताको दुश्चक्रमा फसेका तत्कालीन सरकारहरूले अर्थतन्त्रका बारेमा सोच्ने मौकै पाएनन् । लगातारको राजनीतिक अस्थिरताले नीतिगत विचलन एवं आर्थिक नीति कार्यान्वयनमा समस्या आए । झन् सैद्धान्तिक विचलन र स्पष्ट आर्थिक मार्गचित्रको अभावमा अर्थतन्त्रको बाटो र गति कहिल्यै निर्धारण हुन सकेन ।

तर, २०६२ सालपछि राजनीति सङ्लिँदै आयो । तर पनि स्थिर सरकार नभएका कारण अर्थतन्त्रले चाहेजसरी विस्तार हुन पाएन, व्यवसायीहरू स्थिर सरकार भएपछि अर्थतन्त्रमा चमत्कारै हुन्छ भन्ने विश्वास गर्न थाले । यसै सेरोफेरोमा, २०७४ फागुन ३ गते आयो– एउटा बहुमतप्राप्त स्थिर सरकार र आर्थिक क्रान्तीको सपना बोकेर । विगत दुई वर्ष आधादेखि नेपालमा शासन गरिरहेको बहुमतप्राप्त स्थिर सरकार छ । एउटा गतिशील तथा प्रजातान्त्रिक समाजमा समस्याहरूको पूर्ण निरुपण हुन समय लाग्छ, किनकि एकतन्त्रात्मक राजतन्त्र वा कम्युनिस्ट सरकारमा झैं त्यहाँ फरक विचारको निषेध गर्न सकिन्न र सबैको कुरा सुनेर समाधान खोज्दा समय लाग्छ नै ।

तर पनि विगत दुई वर्ष आधादेखि नेपालमा बहुमतप्राप्त स्थिर सरकारले शासन गरिरहेको छ । नेपाललाई आर्थिक विकासको मार्गचित्रमा अगाडि बढाउने योभन्दा रामो अवसर न कहिल्यै थियो, न भविष्यमा पाइने लक्षण नै देखिएको छ । तर, सरकारको धृतराष्ट्रपना तथा साँघुरो सोच, नीतिगत एवं सैद्धान्तिक विचलन, असंख्य भ्रष्टाचारका काण्ड र कुशासनले पछिल्ला तीन वर्ष (२०७४–७५, २०७५–७६ र २०७६–७७) को औसत आर्थिक वृद्धि ५ प्रतिशतभन्दा बढी नहुने केन्द्रीय तथ्यांक विभागकै तथ्यांकले देखाउँछ ।

सरकारका पछिल्ला तीन बजेटले अर्थतन्त्रलाई दोहोरो अंकको वृद्धितर्फ लान कुनै सुधारात्मक नीति ल्याउन सकेन । न त यसले अर्थतन्त्रको संरचनात्मक परिवर्तनमा कुनै योगदान गर्न सक्यो । न अर्थतन्त्रको पुनर्संरचना गर्ने कुनै सुरसार गर्‍यो, न आर्थिक सुधार लागू गरेर अर्थतन्त्रलाई फड्को मार्ने तत्परता नै देखायो । त्यतिमात्र हो र ? पछिल्ला तीनै बजेटले न त राजस्वका लक्ष्य भेटे, न त विकास खर्च गर्न सहजीकरण गर्न सके । संसद्बाट पारित भएका पछिल्ला तीनवटै बजेट प्रत्येकपल्ट मध्यावधि समीक्षामा आकारमा मात्र घटाइएन, राजस्व र विकास खर्चका लक्ष्य पनि घटाइए, अनि सरकारले लक्ष्य भेटेको प्रचार–प्रसार गराइए । संसद्बाट पारित बजेटलाई अर्थमन्त्रीको स्वेच्छाले घटाउन पाइन्छ कि पाइन्न, यदि घटाउन पाइन्छ भने बजेट संसद्बाट पारित किन गर्नुपर्‍यो ? त्यसको नीतिगत, कानुनी, संवैधानिक अर्थ के हो ? यसमा सरकारले बोल्दैन, चुनाव जितेर आएका जनप्रतिनिधि पनि बोल्दैनन् । तर, सरकार र जनप्रतिनिधि कुन व्यवसायीलाई ठेक्का दिने र कसको उद्योगमा ताल्चा लाउने, कसको मुख बन्द गर्ने, कसका कार्यकर्ता कता परिचालन गर्ने, बालुवाटारमा खाजा खाने पालो कसको ? यस्ता झिनामसिना कुरामा छलफल गर्छन्, अझ गम्भीर विचार, विमर्श, विश्लेषण तथा संश्लेषण पनि गर्छन् ।

यतिखेर, संविधानसभाबाट नेपालीले आफैंले आफनो संविधान बनाएका छन् । तीन तहको संघीय सरकार सक्रिय छ । त्यसभन्दा पनि महत्त्वपूर्ण कुरा नेपाली नागरिकले आफना वर्षौंदेखिका आर्थिक एवं विकासका सपना पूरा गर्न प्रधानमन्त्री केपी ओलीको नेतृत्वमा बहुमतप्राप्त स्थिर सरकार चुनेका छन् । तर पनि नागरिक हप्तैपिच्छे माइतीघरमा सरकार खोज्न आइरहेछन् । कहिले कार्यपालिकाविरुद्ध, कहिले ब्यवस्थापिकाविरुद्ध र कहिले न्यायपालिकाविरुद्ध माइतीघरमा युवाहरू भेटिन्छन् ।

बहुमतप्राप्त सरकार कता हरायो ? धेरैको जिज्ञासा एउटै हुन्छ ।

पछिल्लो करिब पाँच महिनादेखि कोभिड–१९ को महामारी र अझ पछिल्ला साताहरूमा बाढीपहिरोको आतंकले अर्थतन्त्रलाई आहत बनाएको मान्ने हो भने पनि त्यसभन्दा अघि सरकार के गर्दै थियो ? प्रश्न सोध्न निषेध छ । मानौं, प्रश्न सोध्नु हतियार उठाएर क्रान्ति गर्नुभन्दा खतरा हो । प्रश्नले राष्ट्रियता, सार्वभौमसत्ता तथा राष्ट्रिय एकतामा गम्भीर असर पार्छ । देशमा गरिबी बढोस्, बेरोजगारी बढोस्, अर्थतन्त्र तहसनहस होस् तर प्रश्न सोध्न पाइन्न । मन्त्रीहरूले करोडौं, अर्बौं भ्रष्टाचार गरून्, प्रश्न सोध्न पाइन्न । मानौं, भ्रष्टाचार गर्नु मन्त्रीहरूको जन्मसिद्ध अधिकार हो । उनीहरूले आजसम्म गरेको त्यागको ब्याजसहित उठाउन पनि मन्त्रीहरूले भ्रष्टाचार गर्नैपर्छ । मन्त्रीको भ्रष्टाचारको फड्के किनारको साक्षी बस्न बनाइएको एउटा बुख्याचा छ – अख्तियार, जो २०–३० हजारका भ्रष्टाचारमात्र देख्छ । प्रधानमन्त्री भ्रष्टाचारको मुखै हेर्दिन भन्छन् र अंगाले मारेर बस्छन् ।

यता, सरकारका लागि अर्थतन्त्र भनेको कर्मचारीले तलब खाने, राजनीतिक दलले चुनाव लड्न तथा विदेश घुम्न चाहिने खर्चबर्च ब्यापारीले बहन गरिदिने तथा आफना कार्यकर्तालाई *(बाँकी ३ पेजमा)*

# तीन सय बढी काँग्रेसमा प्रवेश

**अनुमोदन समाचार/धनगढी**

विभिन्न पार्टीका तीन सय बढी नेता कार्यकर्ता नेपाली काँग्रेसमा प्रवेश गरेका छन् ।

सोमबार नेपाली कांग्रेस गौरीगंगा नगरसमितिले आयोजना गरेको एक कार्यक्रममा उनीहरुलाई पार्टीको सदस्यता प्रदान गरियो ।

कार्यक्रममा नेपाली काँग्रेसका कैलालीका सभापति नरनारायण शाहले उनीहरुलाई पार्टीको सदस्यता प्रदान गरे । गौरीगंगा क्षेत्रका रमेश धामी लगायतका तीन सय बढी काँग्रेस प्रवेश गरेको जनाइएको छ ।

# विषालु च्याउ खादा एक बालकको मृत्यु

**अनुमोदन समाचार/डडेल्धुरा**

डडेल्धुरामा विषालु च्याउ खाँदा एक बालकको ज्यान गएको छ ।

परिवारका अरु चार जना बिरामी भएका छन् । विषालु च्याउको तरकारी खाँदा नवदुर्गा गाउँपालिका वडा नम्बर ३ का ८ वर्षीय बालक ललित धामीको ज्यान गएको हो ।

धामीलाई उपचारका लागि सेती प्रादेशिक अस्पताल लैजाँदै गर्दा ज्यान गएको जिल्ला प्रहरी कार्यालय डडेल्धुराले जनाएको छ । त्यस्तै विषालु चयाउ खाएकी बालककी आमा बिस्ना धामी र तीन दिदीबहिनी बिरामी परेका छन् । उनीहरुको सेती प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ ।

# बादी समुदायलाई खाद्यान्न वितरण

**अनुमोदन समाचार/सुखड**

कैलालीको बर्दगोरियामा बसोबास गर्ने बादी समुदायलाई खाद्यान्न बितरण गरि एको छ। ज्योतिको घर नेपाल काठमाडौंको आर्थिक सहयोग तथा मानव संरक्षण प्रतिष्ठान नेपाल लम्कीको समन्वयमा खाद्यन्न सहयोग गरिएको जनाइएको छ ।

बर्दगोरियाका अति बिपन्न ४५ घर परिवारलाई साढे ११ क्विन्टल चामल तथा अन्य खाद्य सामग्री वितरण गरिएको मानव संरक्षण प्रतिष्ठान नेपाल लम्कीकी अध्यक्ष रमा बादीले बताइन् ।

# पहिरोमा पुरिएका...

लास्कुगाड खोला किनारामा फेला परेको बताइएको छ ।

आइतबार साझ पहिरो गएको स्थानभन्दा झण्डै दुई किलोमिटर बालकको शव फेला परेको जिल्ला प्रहरी कार्यालय दार्चुलाका प्रहरी नायब उपरीक्षक पदमबहादुर बिष्टले जानकारी दिए । शुक्रबार घरबाट सदरमुकाम खलंगा आउने क्रममा ठगुन्ना पहिरोमा पुरिएका थिए ।

# सरकार हराएको...

जागिर खुवाउनु मात्र हो भन्ने बुझाई छ ।

आफना कार्याकर्ताले काम नगरिकनै तर्साएर, धम्काएर भए पनि पैसा कमाउनु अर्थतन्त्र हो, बाँकी उद्योग चलाउने, रोजगारी सिर्जना गर्ने वा औपचारिक आयबाट कर तिर्ने भनेका मूर्ख हुन्, सरकार नेपाली समाजमा आर्थिक क्रान्तिको नयाँ भाष्य स्थापना गर्न उद्यत छ । नेपालमा सबैभन्दा फाइदा हुने ब्यवसाय राजनीति हो । धेरैभन्दा धेरै राजनीतिक दल खोलौं, यसमा आय–व्ययको हिसाब पनि लटरपटर गरे हुन्छ, कर पनि तिर्नु पर्दैन र शतप्रतिशत नाफामात्र छ । तर, प्रधानमन्त्रीको बहुचर्चित सपना ‘सुखी नेपाली : समृद्ध नेपाल’ बनाउने हो भने त सबल एवं आत्मनिर्भर अर्थतन्त्र बनाउनुको विकल्प छैन । सबल एवं आत्मनिर्भर अर्थतन्त्र नबनिकन रत्नपार्कमा टायर बालेकै भरमा राष्ट्रिय स्वाधीनता र सार्वभौमसत्ता जोगिंदैन पनि, किनकि अन्त्यमा फेरि ‘इट्स इकोनोमी स्टुपिड’ ।

*सांभारः कारोबार दैनिक*

# महामारीले जाँच्दै...

संघीय सरकारको नीतिगत अस्पष्टता र केन्द्राभिमुखी मानसिकताले निमिट्यान्न पारिदियो । उदाहरणका लागि, प्रदेश, जिल्ला, नगरपालिका र स्रोत भएका गाउँपालिकाहरूसम्मलाई आफ्नो आवश्यकतानुसारको पीसीआर परीक्षण उपकरण खरिद र ल्याब स्थापनाको स्वतन्त्रता र स्रोत समयमै उपलब्ध गराएको भए अहिले परिस्थिति तात्त्विक रूपले फरक हुने थियो । हरेक विपत्तिलाई नयाँ संस्थागत सुरुआतको अवसर मानिन्छ । यो दृष्टिले स्वास्थ्य पूर्वाधारलाई जनस्तरसम्म पुऱ्याउन अहिलेको महामारीले सिर्जेको मूल अवसर द्रुत गतिमा गुम्दै छ ।

विविध तहबीच आरोप–प्रत्यारोप, दलगत दोषारोपण र प्रादेशिक/स्थानीय तहमा शासकीय प्रभावकारिताको मात्रामा जत्ति नै फरक भए पनि महामारीपछि यी सबै सरकारको ‘गुणस्तर’ पनि मूल्यांकनको परिधिमा आउनेछ । सच्चिने चेत आउने हो भने यी सरकारहरूका लागि अझै केही अवसर बाँकी छन् ।

*सांभारः कान्तिपुर दैनिक*

लैंगिक हिंसा हटाऔं, मानव बेचबिखन अन्त्य गरौं।

## जयपृथ्वी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

चैनपुर बझांग

सुदूरपश्चिम प्रदेश, नेपाल

## रासायनिक मल ढुवानी गर्ने वारेको शिलबन्दी दरभाउ सम्बन्धि सुचना

*(प्रथम पटक प्रकाशित मितिः २०७७/०४/१३ गते )*

यस कार्यालयको आ.व २०७७/०७८ को स्विकृत कार्यक्रमअनुसार वार्षिक आवश्यक पर्ने रासायनिक मल १७० मे.टन.(पछि थपघट हुन् सक्ने) अधिकृत वितरकबाट ढुवानी गराई बिक्रि वितरण समेत गर्नु पर्ने भएकोले इजाजत प्राप्त कृषि सहकारी/आपुर्तीकर्ता नेपालि नागरिकबाट निम्न बमोजिम शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउ पत्र आव्हान गरिएको छ ।

१. दरभाउ फारम आ.व.२०७७/०७८ सम्मको नवीकरण भएको इजाजत पत्र, आयकर दर्ता तथा भ्याट दर्ता प्रमाण–पत्रको प्रतिलिपिहरू र आवश्यक दस्तुर रु.१०००– (एक हजार) पछी फिर्ता नहुने गरी नगदै निवेदन साथ राखी यो सुचना प्रकाशीत मितिले १५(पन्ध्र)औ दिन सम्ममा कार्यालय समय भित्र यस कार्यालयको कृषि बिकास शाखाबाट खरीद गर्न सकिने छ ।
२. खरिद गरिएका दरभाउपत्र यो सुचना प्रकाशित गरिएको मितिले १६ औ दिनको १२.००(बाह्र) बजे भित्र ठेक्का न. र कामको बिवरण स्पस्टसंग लेखिएको सिलबन्दी खाम यस कार्यालयमा दर्ता गराई सक्नुपर्ने छ ।
३. दर्ता भएका दरभाउ पत्र सोहि दिनको २.००(दुई) बजे दरभाउ दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउ दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।
४. दरभाउ प्रत्येक आइटमहरु (रासायनिक मल) को कबोल दररेट छुट्टाछुटै अंक र अक्षरमा स्पस्ट लेख्नु पर्ने छ । अंक अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईने छ । केरमेट वा अस्पस्ट भएको स्थानमा दस्तखत हुनुपर्ने छ अन्याथा त्यस्ता दरभाउलाई मान्यता दिईने छैन ।
५. जमानत वाफतको २.५(अढाई) प्रतिशतले हुन आउने रकम बझाङ चैनपुर स्थित रा.वा.बैंकमा खोलिएको यस जयपृथ्वी नगरपालिकाको कार्यालय चैनपुर बझंगको धरौटी खाता न.४११००३०३०००००४ मा जम्मा गरेको बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारि गरिएको कम्तिमा ३(तिन) महिनाको म्याद भएको बिडबन्ड दरभाउ साथ संलग्न गरिएको हुनुपर्ने छ ।
६. सम्झौतामा तोकिएको रासायनिक मल यस नगरपालीकाको वार्ड नं १० चैनपुरमा खसाल्नुपर्ने छ, खसालेको परिमाण र गुणस्तर प्रमाणित गराएर मात्र बिक्रि वितरण गर्नुपर्ने छ ।
७. दरभाउ स्विकृत भै सकेपछी सम्झौताको लागि आवश्यक पर्ने ५(पाच) प्रतिशत जमानत वाफतको रकम रा.बा. बैंक बझाङ स्थित दफा ५मा उल्लेखित धरौटी खातामा जम्मा गरेको दोस्रो प्रति सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट कम्तिमा १(एक) बर्ष अवधिको म्याद भएको परफरमेन्स बन्डयस कार्यालयको नाममा जारि गरिएको हुनुपर्ने छ ।
८. नेपाल सरकारको हितलाई ध्यानमा राखी बिना कुनै कारण जनाई आंशिक वा पूर्ण रुपले दरभाउ स्विकृत गर्न सकिने छ ।
९. दरभाउपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदापरेमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनलाई मानिने छ ।
१०. यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन २०६३ तथा निमावाली २०६४ अनुसार हुने छ ।
११. स्विकृत दरभाउ दातालाई अधिकृत बितरकमा नियुक्त गरिने छ ।
१२. यस सम्बन्धि अन्य कुराहरु बुझ्नुपरेमा कार्यालय समय भित्र यस कार्यालयको कृषि बिकास शाखामा आई बुझ्न सकिने छ ।

## नेपालको संविधानमा अपांगता भएका व्यक्तिको अधिकार

नेपालको संविधानमा अपांगता भएका व्यक्तिको हक अधिकार देहाय बमोजिम रहेको छ ।

- सामाजिक न्याय सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने ।
- आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने राज्यको सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति हुने ।
- सामान्य कानूनको प्रयोगमा शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगरिने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका, अपांगता भएका व्यक्ति, लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानूनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुने ।
- दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानूनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने ।
- सामाजिक रूपले पछाडि परेका अपांगता भएका व्यक्तिसमेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।
- अपांगताभएका नागरिकलाईविविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुने ।
- आर्थिकरूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, अपांगता भएका नागरिकलाई सामाजिक सुरक्षाको हक हुने ।
- राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा एक जना अपांगता भएका व्यक्ति वा अल्पसंख्यक निर्वाचित हुने सुनिश्चित गरिएको ।
- अपांगता भएका व्यक्ति समेतको हक अधिकारको संरक्षण, सशक्तिकरण, विकास र सम्वृद्धिको लागि संवैधानिक आयोगको रुपमा राष्ट्रिय समावेशी आयोगको व्यवस्था गरिएको ।
- नेपाली राजदूत र विशेष प्रतिनिधिसमावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक अंग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

नेपाल सरकार
**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**

नेपाल सरकार
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना विभाग**

## रंगीन संसार

# कलाकारलाई भिडियो मै भ्याई नभ्याई

लकडाउन पूर्ण रुपमा खुलेपनि चलचित्रको छायांकन भने सुरु हुन सकेको छैन । चलचित्रको छायांकनमा व्यस्त हुनुपर्ने धेरै कलाकार अहिले घरमै छन् ।

तर, सरकारले लकडाउन खुकुलो बनाएपछि सुरु भएको म्यूजिक भिडियोको छायांकन भने ह्वात्तै बढेको छ । युटुबमा तीजका गीतदेखि अन्य विभिन्न गीतहरु धमाधम सार्वजनिक भैरहेका छन् । युटुबमा आउने भ्यूजमा कोही मेकर मख्ख छन् भने कोही मेकर भ्यूज नपाएर निराश छन् ।

अहिले चलचित्रको अभिनयमा व्यस्त हुने कलाकारहरु पनि म्यूजिक भिडियोमा व्यस्त देखिन थालेका छन् । यसमा सबैभन्दा अगाडि नायक पल शाह छन् । हुनत, पलको करिअरको सुरुवात नै भिडियोबाट भएकाले पनि उनी अहिले पनि सर्वाधिक महंगा मोडल हुन् । उनले लगातार सरोज वलीको भिडियोमा काम गरिरहेका छन् ।

नायिका आँचल शर्मा पनि भिडियोमा व्यस्त छिन् । आँचलले पनि लकडाउन खुलेपछि केही भिडियोमा काम गरिसकेकी छिन् । आँचल लकडाउन अगाडि पनि चलचित्र भन्दा भिडियोमा नै व्यस्त देखिने मोडल हुन् ।

चलचित्रको पर्दामा फरक अभिनय गरेर चर्चामा आएका नायक दयाहाङ राई र विपिन कार्की पनि भिडियोमा व्यस्त छन् । दयाले अभिनय गरेको निकेश खड्का निर्देशित एक भिडियो सार्वजनिक भैसकेको छ भने उनले निर्देशक मिलन चाम्सको निर्देशनमा बनेको २ वटा भिडियोमा काम गरेका छन् ।

नायक विपिन कार्कीले हालै निकेश खड्काले निर्देशन गरेको ‘डर छैन’ बोलको म्यूजिक भिडियोमा काम गरे । सन्तोष लामाको आवाज रहेको यो गीतमा विपिनलाई भरियाको भूमिकामा देख्न सकिन्छ ।

नायिका केकी अधिकारी पनि म्यूजिक भिडियोमा अभिनय गर्न व्यस्त छिन् । उनले, प्रकाश सपुतको निर्देशनमा बनेको तीजको गीतको भिडियोमा फरक शैलीको अभिनय गरेकी छिन् ।

यी बाहेक भिडियोमै काम गरिरहेका मोडलहरु पनि व्यस्त हुन थालेका छन् । चलचित्रको काम सुरु नहुँदा कलाकारलाई एक त आर्थिक रुपमा भिडियोले सहयो गरेको छ भने अर्कोतिर अभिनयको प्यास पनि मेटाइदिएको छ ।

## तपाईंको आजको दिन

**मेष** : (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
मनोरञ्जनका साथै धार्मिक कार्यमा रुचि बढ्नेछ । वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । मनमा हर्ष,उमङ्ग र उत्साह छाउला । वस्त्र लाभपनि हुनेछ ।

**मिथुन** : (का,कि,कु,घ,ङ,छ,के,को,हा)
धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । भौतिक साधन जुटाउने समय छ । आफ्नो क्षेत्रमा प्रभूत्त्व जमाउन सकिनेछ ।

**सिंह** : (मा.मि.मु.मे.मो.टा.टि.टु,टे)
भाग्यले विभिन्न अवसर जुराउनेछ । आफ्नो क्षेत्रमा प्रभूत्त्व जमाउन सकिनेछ । पठनपाठन र प्राज्ञिक क्षेत्रबाट लाभ मिल्नेछ । मुद्धा मामिलामा सफलता मिल्नेछ ।

**वृश्चिक** : (तो.ना,नि,नु,ने,नो,या,यी,यु)
आजको दिन गरेका काममा ढिलासुस्ती हुनेछ । बोलीको विपरीत अर्थ लाग्न सक्छ संयम रहनु होला । दिनको उत्तरार्धमा अधिक धन खर्च हुनेछ ।

**मकर** : (भो,जा,जि,खि,खो,खे,गा,गि)
वद्या र बुद्धिको विकास हुनेछ । सजिलै अरुको विश्वास जित्न सकिनेछ । आकस्मिक धन लाभ हुनेछ । राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ ।

**कन्या** : (टो,प,पि,पु,ष,ण,ठ,पे,पो)
ाज मनमा हर्ष,उमङ्ग र उत्साह छाउला । प्रेम र मित्रताको बन्धन कसिने बेला छ । सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ ।

**वृष** : (इ,उ,ए,ओ,वा,वी,वे,वु,वो)
शुभकार्यको चर्चा चल्नेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । आर्थिक क्षेत्र मजबुत हुने देखिन्छ । न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**कर्कट** : (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
समय प्रतिकुल भई कुलतमा मन जानेछ । घर परिवारमा झैं-झमेलाको अवस्था आउला । लगनशीलताको कमिले गर्दा ठूलो उपलब्धि हातपार्न नसकिएला ।

**तुला** : (र,रि,रु,रे,रो,ता,ति,तु,ते)
आज धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ । राज्यबाट मानसम्मान मिल्नेछ । छोटो दुरीको लाभदायक यात्रा हुनेछ । वाहान सुखपनि मिल्नेछ ।

**धनु** : (यो,ये,मा,भि,भु,ध,फा,ढ,भे)
आज लाभ,हानी,आय,व्यय,सुख,दुख वरावरी मध्यम खालको दिन छ । धार्मिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने अवसर मिल्नेछ ।

**कुम्भ** : (गु,गे,गो,सा,सि,सु,से,सो,द)
अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । आँटेको र ताकेको कार्य पुरा हुनेछ । धार्मिक/सांस्कृतिक सभा-समारोहमा सरिक हुने अवसर मिल्नेछ ।

**मीन** : (दी,दु,थ,झ,ञ,दे,दो,चा,चि)
स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको भलाइका लागि दौडधूप गर्नु पर्नेछ । घरायसी विवाद बढ्नेछ । चोटपटकपनि लाग्न सक्नेछ ।

# भारतीय पक्षले कालापानी–लिम्पियाधुरा जान रोक लगायो

**अनुमोदन समाचार/दार्चुला**

भारतीय पक्षले नेपालीहरुलाई नेपालको कालापानी, लिम्पियाधुरा र गुंजीमा जानबाट रोक लगाएको छ ।

सिमावर्ती भारतको धार्चुला जिल्ला उपअधिकारीले नेपालको दार्चुला जिल्ला प्रशासन कार्यालयलाई पत्र पठाउँदै कालापानी, लिम्पियाधुरा र गुँजीमा नेपाली नागरिकलाई जानबाट रोक लगाइएको बताएको छ ।

दार्चुलाका प्रमुख जिल्ला अधिकारीलाई जुलाई १४ मा पत्र पठाउँदै उत्तराखण्ड राज्यअन्तर्गत धार्चुला जिल्लाका उपजिल्लाधीकारीले 'नेपाली गुट र समूहले लुकिछिपी सीमा पार गर्न लागेको सूचना प्राप्त भएको' भन्दै यसबारे सूचना दिन आग्रह गरेका छन् ।

यी समूहले मिडियाको ध्यान आकृष्ट गरी दुवैतिरका अधिकारीका लागि समस्या निम्त्याउन चाहेको पनि पत्रमा लेखिएको छ । भारतले अतिक्रमण गरेका यी क्षेत्रलाई समेटी नेपालले केहीअघि नयाा नक्सा प्रकाशित गरिसकेको छ ।

दार्चुलाका प्रमुख जिल्ला अधिकारी (सीडीओ) शरदकुमार पोखरेलले आफूलाई यस्तो पत्र आएको तर जवाफ दिनु आवश्यक नठानेको बताए । 'यसलाई जवाफ दिनुको औचित्य देखिएन,' उनले भने ।

उनले दार्चुलाको माथिल्लो भागतिर कुनै पनि समूहले अनुमति लिएर नगएको तर स्थानीयले आफनो क्षेत्रमा गर्ने हिंडडुलको अभिलेख नराखिने बताए । 'लकडाउनको समय भएकाले कोही रोजगारीका लागि पनि सीमापार गएको थाहा छैन,' उनले भने ।


## विशेष छुटका साथ


### अब चौधरी फेसन टेलर्समा

हाम्रो यहाँ जुनसुकै किसिमका कोटपाईन्ट, सर्ट, आसकोट, दाउरा सुरुवाल, जुहारी कोट, टाई, टोपीहरू सिलाउनुका साथै स्कुल ड्रेस, क्याम्पस ड्रेस, निजामती कर्मचारीहरूको ड्रेस तथा थान कपडाहरू सुपथ मूल्यमा विक्री गर्नुका

साथै सिलाई पनि गरिछ ।



रेडिमेट कोटपाईन्ट तथा क्याम्पस ड्रेस कोटपाईन्ट मात्र रु. ३५००|- मा



प्रो. विष्णु चौधरी (९८४८४७१३४३)

**चौधरी फेसन टेलर्स**

धनगढी उपमहानगरपालिका (जिप्रका पुल नजिक)


# लम्कीमा यातायात सेवा कार्यालय स्थापना गर्न माग

**अनुमोदन समाचार/धनगढी**

कैलालीको लम्कीमा यातायात व्यवस्था सेवा कार्यालय स्थापना गर्न माग गर्दै लम्की क्षेत्रका बासिन्दाहरूले प्रदेश सरकारलाई ज्ञापनपत्र बुझाएका छन् ।

उनीहरूले सोमबार धनगढी पुगेर प्रदेशका भौतिक पुर्वाधार विकास मन्त्री पठानसिह वोहरा, मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा ज्ञापन पत्र बुझाएका हुन् । ज्ञापन पत्र बुझाउने टोलीले यातायात ब्यबस्था सेवा कार्यालय स्थापनाका लागि लम्की नै उपयुक्त रहेको भन्दै मन्त्रीलाई दवाव दिएका छन् ।

नेपाल सरकारका पूर्व मन्त्री भीमबहादुर कडायतको नेतृत्वमा मन्त्रालय पुगेको टोलीमा कार्यालय स्थापनाका लागि गठित संघर्ष समितिका संयोजक जयरुप बुढा लगायत त्यस क्षेत्रका राजनीतिक दलका प्रतिनिधि, उद्योग ब्यबसायी, यातायात ब्यवसायी, शिक्षक लगायत सहभागी थिए ।

ज्ञापन पत्र हस्तान्तरण गर्दै पूर्वमन्त्री कडायतले हरेक हिसावले सेवा कार्यालय स्थापनाका लागि लम्की नै उपयुक्त भएकाले त्यसमा मन्त्रालयले ध्यान दिनुपर्ने बताए । मन्त्री बोहराले तत्काल मन्त्रालयको सेवा कार्यालय स्थापना गर्ने योजना नरहेको बताए । उनले माग राख्नु स्वभाविक भएपनि अहिले नै मन्त्रालयको योजनामा नरहेकाले आन्दोलन नै गर्नु उपयुक्त नभएको बताए ।

मन्त्रालयसंग यातायात सेवा कार्यालय स्थापना गर्ने कुनै योजना नभएपछि कैलालीको सुखड, बौनिया, लक्की र टीकापुरका संघर्ष समिति नै बनाएर आ-आफ्नो ठाउमा यातायात सेवा कार्यालय स्थापनाको माग गर्दै स्थानीयहरू प्रदर्शन, ज्ञापन पत्र लगायतका दवाव कार्यक्रम गरिरहेका छन् । उनीहरूले आ-आफ्नो ठाउ उपयुक्त रहेको दावी गरिरहेका छन् ।

सुदूरपश्चिममा दुई वटा मात्रै यातायात व्यवस्था कार्यालयहरू छन् । तत्कालीन सेती अञ्चलका लागि धनगढी र महाकाली अञ्चलका लागि महेन्द्रनगरमा यातायात व्यवस्था कार्यालय स्थापना गरिएको छ । ति कार्यालयमा सेवाग्राहीको चाप सधैंभरी उच्च रहने भएकाले कैलालीको पुर्वी क्षेत्रमा यातायात सेवा कार्यालय स्थापनाको माग हुन थालेको हो ।


## धनगढी उप-नगरपालिका

### नगर कार्यपालिकको कार्यालय

### नगरबासीमा हार्दिक अपील

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) फैलिन नदिन उच्च सतर्कता अपनाउनु आवश्यक छ । यसको जोखिमसंग जुध्न चुस्त बन्दोबस्त गरिएन भने त्यसले ठूलो मानवीय क्षति निम्त्याउने खतरालाई बुझेर उपमहानगरको श्रोत साधनले भ्याएसम्म सतर्कता, चेकजांचमा जुटेको ब्यहोरा सादर निवेदन गर्दछौं ।

सतर्कता, कोभिड १९ को चेकजांच र कार्यमा सबै क्षेत्रबाट सहयोग पुगिरहेको छ । अझैपनि उमहानगरपालिका आआफ्नो ठाउँबाट सहकार्य र समन्वयलाई निरन्तरता दिनहुन राजनितिकदल नगरबासी, स्थानीय प्रशासन र राष्ट्र सेवक सुरक्षाकर्मीहरु, नेपाल रेडक्रस सोसाइटी धनगढी,ब्यापारी लगायतका सामाजीक संघसंस्थाहरु संग समेत हार्दिक अपिल गर्दछ ।

सरकारले कोभिड१९ (कोरोना भाईरस) को संक्रमण फैलन नदिन वैशाख १५ गते सम्मका लागि सिंगो देश लकडाउन गरेको छ । सरकारले निर्णयको पालना गर्न सम्पूर्ण नगरवासीमा अनुरोध गर्दछौं । अहिले खाद्यान्न र तरकारीका पसल बन्द रहेकाले अतिआवश्यक दैनिक उपभोग्य बस्तुको होम डेलिभरी गरि दिनहुन उद्योग वाणिज्य संघ कैलाली, किराना ब्यावसायी संघ कैलाली, दुग्ध ब्यावसायी, तरकारी ब्यावसायी लगायतका सबैमा आग्रह गर्दछौं ।

भारत र तेश्रो मुलुकहरुबाट फर्किएका आफ्नै परिवारको सदस्य भएपनि २१ दिन सम्म घरमा छुट्टै राख्न , रुमाल, लत्ताकपडा लगायतका बस्तुहरुबाट सजिलै भाइरस सर्नसक्ने भएकाले एक अर्कोलाई प्रयोग गर्न नदिन अनुरोध गर्दछौं । लकडाउनका कारण छाक टार्न समस्या भएका परिवारले सम्बन्धीत वडाका वडा अध्यक्ष, स्थानीय प्रशासन र नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधीहरु संग समन्वय गरेमा सम्वन्धीत ठाउँमा नै खाद्यान्न उपलब्ध गराउने ब्यबस्था गरिएको जानकारी गराउन चाहन्छौं । खाद्यान्न खरिद गर्न सक्ने, जगेडा खाद्यान्न भएको परिवारलाई राहात नलिन र लिएको पाइएमा कडा कार्वाही गरिने ब्यहोरा अवगत गराउँछौं ।

साथै कोरोनाको जोखिमबाट बच्नका लागि मास्कको प्रयोग गर्न, पटक पटक साबुन पानीले हात धुन, सरसफाइमा ध्यान दिन र ज्वरो आउने, थकाई लाग्ने, सुख्खा खोकी लागिर हेमा स्वास्थ्यकर्मीको परामर्श लिन सबैमा हार्दिक आह्वान गर्दछौं ।


**सुशीला मिश्र भट्ट**
नगर उपप्रमुख

**नृपबहादुर वड**
नगरप्रमुख



## सामाजिक विकास मन्त्रालयद्वारा जनहितमा जारी सन्देश

### कोभिड-१९ का मुख्य लक्षणहरू



ज्वरो (१००.४ °F भन्दा माथि)

श्वास प्रश्वासमा अत्याधिक समस्या

रुघा र खोकी

*नोवेल कोरोना भाइरस प्रभावित देशहरुबाट आउने मानिसहरुमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउँको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**



- नियमित रूपमा साबुन-पानीले हात धुने ।
- खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
- पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

**सामाजिक विकास मन्त्रालय**

सुदूरपश्चिम प्रदेश

नीति, कानुन, मापदण्ड, योजना तथा जनस्वास्थ्य महाशाखा






फोन नं. ०९१-५२०६४४ मो ९८४८५७७३४१ एल.एन.चोक(त्रिनगर कम्पलेक्स), धनगढी



## एडुपल नेपाल विशेष तयारी कक्षा

- नेपाल राष्ट्र बैंक, राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक, नेपाल बैंक लिमिटेड
- शाखा अधिकृत, ना.सु., खरिदार, महिला विकास
- प्रहरी निरीक्षक(इन्सपेक्टर), प्र.सहायक निरीक्षक, (अ.स.ई.), प्रहरी जवान, नेपाली सेना
- अ.हे.व., अ.न.मी.,H.A., STAFF NURSE
- SEE ब्रिजकोर्ष
- Korean Language Class

**लोक सेवा तयारी कक्षा प्रशिक्षकहरूको नाम**

डा. टोकराज पाण्डेय | गोकर्णप्रसाद उपाध्याय | बद्रीप्रसाद कार्की | सुभाष अर्याल | विकास अधिकारी

- नेपालकै प्रख्यात लेखकतथा विज्ञहरूबाट कक्षा सञ्चालन
- विगतका परीक्षाहरुमा उत्कृष्ट नतिजा दिलाउन सफल
- होस्टेलको व्यवस्था भएको

कक्षा सञ्चालन : विहान र बेलुका

**Edupal Nepal**

The Complete Education & Training Hub

Ratopool, Dhangadhi,kailali,
Tel: 091-523368


अनुमोदन दैनिकका लागि प्रकाशक/कार्यकारी सम्पादकः प्रकाशविक्रम शाह, प्रबन्ध सम्पादकः भरत शाह , सह-सम्पादकः श्रवण देउवा, कार्यालयः पार्कमोड, धनगढी, कैलाली
फोन नं. ०९१-५२४३४८/५२५७६३, Email: anumodan.daily@gmail.com, Website: www.anumodankhabar.com, मुद्रणः समैजी अफसेट प्रेस, धनगढी, प्रधान सम्पादकः मनमोहन स्वाँर